म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १९७ बुधबार, १४ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 26 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**नैतिक आचरणको पालना गरौं**

- झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन र विधिको पालना गरौं,
- भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलाप विरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## २३ आयोजनालाई बहुवर्षे घोषणाः ठेक्का प्रक्रिया अघि बढाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ बागमती प्रदेश सरकारले २३ वटा आयोजनालाई बहुवर्षे घोषणा गरी ठेक्का प्रक्रिया अघि बढाएको छ ।

आर्थिक तथा नागरिकको सहजताको दृष्टिले महत्वपूर्ण देखिएका २३ आयोजनालाई प्रदेश नीति तथा योजना आयोगमार्फत ठेक्का प्रक्रियामा अगाडि बढाएको हो । आयोजनालाई प्रदेशको १३ वटै जिल्लामा अगाडि बढाइएको हो । ठेक्का लाग्ने तर, बहुवर्षेमा नपर्दा कतिपय आयोजना समयमै सम्पन्न नहुने समस्या देखिँदै आएको थियो । सोही समस्या हल गर्न आयोगले १६ करोड रुपैयाँभन्दा माथिको आयोजनालाई बहुवर्षे ठेक्का लाग्ने र बढीमा ३ आर्थिक वर्षमा सम्पन्न गर्नेगरी स्रोत सुनिश्चितता सहित कार्यक्रम अगाडि बढाएको हो ।




आयोगले चालु आर्थिक वर्ष २३ वटा दीर्घकालीन महत्वका सडक, पूर्वाधार, पर्यटन लगायतका आयोजना छनोट गरेको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय अन्तर्गत विभिन्न योजना छनोट गरी बहुवर्षे आयोजनाको रुपमा स्रोत सुनिश्चितता गरेर अघि बढाइएको आयोगका उपाध्यक्ष गंगादत्त नेपालले जानकारी दिएका छन् ।

विभिन्न मन्त्रालयबाट प्राप्त आयोजनाको बारेमा वार्षिक कार्यक्रम छनोट कार्यविधि २०७८ अनुसार बहुवर्षे आयोजना छनोट गरिएको नेपालको भनाई छ । कार्यविधि अनुसार आयोजनाको मूल्यांकन गरी प्राथमिकीकरण गरेर विभिन्न ५ आधार र सोही आधारमा अंक निर्धारण गरी ७५ प्राप्तांकमा ५६ भन्दा बढी अंक ल्याउने आयोजनालाई पहिलो प्राथमिकता दिएर आयोजना छनोट गरिएको उपाध्यक्ष नेपालले बताएका छन् ।

नेपालका अनुसार मन्त्रालयको प्राथमिकीकरणको प्राप्तांकमा १० अंक, प्रारम्भिक मूल्यांकनको प्राप्तांकमा ३० अंक, नीतिगत सामञ्जस्यताको प्राप्तांकमा २१ अंक, मानव विकास सूचाकांक अनुसारको प्राप्तांकमा ६ अंक तथा संवैधानिक प्राथमिकताको प्राप्तांकमा ८ अंक गरी कूल प्राप्तांक ७५ कायम गरिएको छ । प्राथमिकीकरण अन्तर्गत ५६ भन्दा कम अंक आउने आयोजना पी-२ निर्धारण हुने र बहुवर्षे ठेक्का लगाउन नसकिने नेपालले बताएका छन् । पहुँच र नेताको सिफारिसमा आयोजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्दै औचित्य र आवश्यकताको ५ आधारमा तयार गरी २३ वटा आयोजना छनोट गरिएको उनको भनाइ छ ।

छनोट भएका आयोजनामा १६ करोड रुपैयाँदेखि ३० करोड रुपैयाँसम्मको रकम सुनिश्चित गरी ४ अर्ब १६ करोडभन्दा बढी रकम विनियोजन गरिएको उपाध्यक्ष नेपालले बताए । ती आयोजना समयमै सन्पन्न गर्नेगरी प्रक्रिया अघि बढाउन सरकारलाई निर्देशन गरिएको र आयोगमार्फत् मोनिटरिङ्को विधि तयार गरिएको उनले प्रस्ट पारेका छन् । बागमती प्रदेश सरकारले बहुवर्षे आयोजनामा सडक पूर्वाधारको कामलाई प्राथमिकता दिएको छ ।

नागरिकको भावना र मन्त्रालयको प्राथमिकता पनि सडक पूर्वाधार भएकाले चालु आर्थिक वर्षमा मात्रै भौतिक मन्त्रालय अन्तर्गत २० वटा आयोजनाको प्राथमिकीकरण गरी अगाडि बढाइएको उपाध्यक्ष नेपालले बताए । तत्काल नागरिकको जीवनस्तर परिवर्तन गर्नसक्ने आयोजना तथा कार्यक्रम तयार गर्न आयोगले प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिरहेको उनको भनाइ छ ।

संविधानमा तीन तहको सरकारका निश्चित अधिकार र क्षेत्राधिकार तोकिए पनि केन्द्र, प्रदेश र स्थानीय तहबीच कतिपय आयोजना छनोटमा तालमेल र समन्वयको अभाव देखिएको छ । बिगतका दिनमा प्रदेश सरकारले वडास्तरबाट संचालन गर्नु पर्ने खालका टुक्रे योजनामा अलमलिएको आरोप लाग्दै आएको थियो । प्रदेससभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रमा सकेसम्म धेरै योजना लैजाने अभ्यासका कारण प्रदेशका कतिपय योजना प्रयोगबिहीन बनेका थिए ।

## कर तिर्न जग्गा बिक्री गर्दै नारायणी यातायात

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौंडामा मुख्य कार्यालय रहेको नारायणी यातायात ब्यवसायी संघले चितवनको रामनगरमा रहेको जग्गा बिक्री गरी कर तिर्ने तयारी गरिरहेको छ ।

मंगलबार संघको मुख्य कार्यालयमा संघका सल्लाहकार बैठकमा संघका अध्यक्ष हीरालाल श्रेष्ठले यस्तो जानकारी दिएका हुन् । करिव २ करोड रुपैयाँ कर तिर्नुपर्ने भएपछि संघको भौतिक सम्पत्ति बिक्री गरेर मात्रै करचुक्ता गर्न सकिने अवस्था रहेको अध्यक्ष श्रेष्ठले बताए । २०७७ चैत्र ७ गते ३५ औं वार्षिक साधारणसभा गरेपछि संघले आगामी फागुन १७ गते शनिबार ३६ औं साधारणसभा गर्ने क्रममा सल्लाहकार बैठक आयोजना गरेको हो ।

संघको साधारणसभा तथा अधिवेसन सम्पन्न गर्न संस्था नबीकरण हुनुपर्ने, नबीकरण गर्न करचुक्ता चाहिने, करचुक्ता गर्न भौतिक सम्पत्ति बिक्री नगरी सम्भावना नरहेको जस्तो जटिल अवस्था आएको अध्यक्ष श्रेष्ठले बताए । संघले बिगतका दिनमा मालबाहक सवारी साधनको भारबहन चेक गर्नका लागि रामनगरमा तौलपुल राख्ने उद्देश्यले जमिन खरिद गरेको र हाल रामनगरमा तौलपुल बनिसकेको अवस्थामा त्यही जमिन बिक्री गर्ने ब्यवसायीहरुसँग छलफल भइरहेको अध्यक्ष श्रेष्ठले बताए ।

सल्लाहकार बैठकमा बागमती प्रदेससभा सदस्य कुमारी मोक्तान, प्रेमबहादुर पुलामी 'छिन्तु', संविधानसभा सदस्य अनन्त पौडेल, नगरप्रमुख मीनाकुमारी लामा, नेका जिल्ला सभापति बुद्ध लामा, नेकपा एमाले जिल्ला अध्यक्ष श्रीधर पोखरेल, नेकपा समाजवादीका बिष्णुप्रसाद दाहाल, राप्रपा नेपालका गुरुप्रसाद सापकोटा, रास्वपाका जिल्ला सभापति भरत पराजुली, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, पत्रकार महासंघका अध्यक्ष बालकृष्ण अधिकारी लगायतले आफ्ना धारणा राखेका थिए ।

यातायात व्यवस्था विभागले सरोकारवाला यातायात ब्यवसायीलाई पूर्णरुपमा वेवास्ता गरी 'यातायात व्यवस्थापन कार्यविधि निर्देशिका (संशोधित २०७४)' जारी गरेपछि २०७५ बैसाख ४ गते मन्त्रिस्तरीय निर्णयबाट संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित यातायात क्षेत्रका सम्पूर्ण संघसंस्थालाई नवीकरण नगर्ने निर्णय गरेको थियो । देशभरका यातायात ब्यवसायसँग सम्बन्धित सम्पूर्ण संघसंस्था तथा समितिहरु एकसाथ खारेज गरेको थियो ।

यातायात क्षेत्रमा हुने सवारी दुर्घटनाको सहजीकरण गर्दै आएको संघ खारेज गर्ने कार्यसँग संघको कार्यालयमा धरपकड गर्ने, पदाधिकारीलाई पक्राउ गर्ने जस्ता कदम सरकारले उठाएपछि यातायात ब्यवसायी पीडामा परेका थिए । सरकारले संघको संरचना खारेज गरी बैंक खाता रोक्का गरेपछि साविक नारायणी यातायात ब्यवसायी संघको पूर्णबैठकले मिति २०७५/३/२२ गते संघको भगिनी संस्थाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेको नारायणी संघ हेटौंडाले ब्यवसायीको समस्या समाधानको प्रयास गर्दै आएको थियो ।

२०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात ब्यवसायी संघको रुपान्तरित कम्पनीको रुपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले ब्यवासयीका दुर्घटना, बीमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो । ढुवानी तथा तौलपुल बन्द गर्न सरकारीसंयन्त्र नै अग्रसर भएको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## भीमफेदीमा एक घर जलेर नष्ट



साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुरको भीमफेदी गाउँपालिकामा एक घर जलेर नष्ट भएको छ । भीमफेदी गाउँपालिका-१ नयाँगाउ बस्ने बासु प्रजाको घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए ।

आगलागीबाट घरभित्र रहेको अन्नपात, भाँडा, बर्तन, लत्ताकपडासहित पूर्णरुपमा जलेर नष्ट भएको हो । यसैगरी घरनजिकै रहेको गोठभित्र रहेको एउटा गाईसमेत जलेर घाइते भएको, मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । खाना बनाउने चुल्होबाट आगो सल्केको बुझिन आएको प्रहरीको भनाइ छ ।

## कैलाशमा मन्टेश्वरी तालिम मंगलबारबाट

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुर जिल्लाको कैलाश गाउँपालिकाभित्रका प्रारम्भिक बालविकास शिक्षकका लागि चार दिने मन्टेश्वरी तालिम मंगलबार बाट सुरु भएको छ ।

गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा भएको तालिम कैलाश-९ मा अवस्थित कालिका माध्यमिक विद्यालयमा तालिम सञ्चालन भएको हो । विद्यालयका प्रधानाध्यापक रामप्रसाद कालाखेतीको अध्यक्षता एवम् गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लठकुरीको प्रमुख आतिथ्यतामा तालिमको उद्घाटन गरिएको हो ।



कार्यक्रममा उपाध्यक्ष ठकुरीले बालविकासका शिक्षकको कार्यक्षमतामा वृद्धि हुने ध्येयका साथ तालिम सञ्चालन गरिएको बताए । शिक्षाक्षेत्रमा अलि पछाडि परेको अवस्थामा सिकाई र क्षमतावृद्धिको लागि पालिकाले तालिमको आयोजना गरिएको उपाध्यक्ष ठकुरीले बताए । उनले बालविकास केन्द्रमा सेवासुविधा कम भएपनि सेवारत रहने शिक्षकको प्रशंशा गर्दै अनवरतरुपमा कामले शिक्षाक्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको बताए ।

कार्यक्रममा शिक्षा शाखाप्रमुख समीर जोशीले बालविकास शिक्षकको वृद्धिविकास र पेशागत विकासका लागि तालिम सञ्चालन गरिएको बताए । चारवर्ष पुग्नुअघि बालबालिकालाई १ वर्ष ज्ञानदिने स्थान नै बालविकास केन्द्र रहेको बताउँदै प्रमुख जोशीले कक्षा १ पढ्नको लागि आवश्यक ज्ञान दिन मन्टेश्वरी सञ्चालन गरिएको बताए ।

१६ गतेसम्म सञ्चालन हुने तालिममा ४० वटा बालविकास केन्द्रका शिक्षकको सहभागिता रहेको छ । चार दिने तालिमलाई प्रशिक्षकद्वय रजनी श्रेष्ठ र रश्मी श्रेष्ठले सहजीकरण गर्नेछन् । कार्यक्रममा शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख जोशी, स्रोतशिक्षक धुव्रराज विष्ट, प्राविधिक सहायक दीपेन्द्र अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

**आजका कलाकारहरु**
Mongolian Heart साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट SINCE 2003
स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

**CONSTRUCTION EXPO-2**
**दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१**
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

**महोत्सवका आकर्षणहरु**
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# मयुरधाप औद्योगिक क्षेत्रको अन्यौल

सरकारले ९ वर्षअघि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय गरेपछि लगानीकर्तामा थपिएको उत्साह यतिबेला निराशामा परिणत भएको छ । सरकारी संयन्त्रमै समन्वय हुन नसकेपछि अन्ततः मयुरधापमा औद्योगिक क्षेत्र निर्माणको सम्भावना देखिएन । संरचना निर्माणमा तारबार लगाउने भन्दा दोस्रो काम गर्न सकेको छैन । हेटौंडा उपमहानगरपालिका-१४, मयुरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटिडेले संरक्षणका लागि तारबार लगाएको जग्गा नै ४ वर्षदेखि लिमिटेडको नाममा छैन । ५ वर्षअघि नै जग्गा लिमिटेडको नामबाट बदर गर्ने निर्णय गरी त्यसको एक वर्षपछि वनक्षेत्र कायम गरिएको पाइएको छ । १४ असार २०७३ मै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाणपुर्जा र कित्ताकाट श्रेस्ताअनुसार १९९ विगाहा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम भएको थियो । सोही जग्गा लिमिटेडको नाममा हक हस्तान्तरण भइसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २१ जेठ २०७५ मा जग्गाधनी प्रमाणपुर्जा खारेज गरेर भोगाधिकार मात्र कायम गर्न राय दिएको हो ।

केपी शर्मा ओलीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले १ चैत २०७२ मा स्थापना गरेको मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन तथा वातावरण मन्त्रालयमै अड्किएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा जग्गा आउँदा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र परेपछि मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढ्न नसकेको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना उपयुक्त नरहेको राय पेश गरिसकेको छ । हेटौंडामा 'औद्योगिक क्षेत्र पार्ट टु' भनेर उत्साहित भएका लगानीकर्तालाई 'हात्ति आयो, हात्ति आयो फुस्सा' भने झैं भएको छ । सरकारकै एउटा मन्त्रीले हतारहतार गरेर औद्योगिक क्षेत्र शिलान्यास गर्ने अर्को मन्त्रीले त्यहाँ औद्योगिक प्रतिष्ठान राख्न पाइदैन भनेर खबरदारी गर्ने देश नेपाल मात्र हुनसक्छ । अनि यस्तो अवस्था रहेको मुलुकमा लगानीकर्ताले किन जोखिम लिन्छन् ? औद्योगिक प्रतिष्ठान स्थापना भएर उत्पादन सुरु गरेपछि सरकारले नै उत्पादन गर्न पाईदैन भन्यो भने अचम्म मान्नु पर्दैन । १२ माघ २०७७ मा वातावरणीय प्रभाव मूल्यांकनका लागि क्षेत्र निर्धारण र कार्यसूचि वन मन्त्रालयले स्वीकृत गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखमा देखिएको छ ।

कार्यालयले २८ असार २०७८ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ईआईए पेश गरेको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको व्यवस्थापन कार्यालय हेटौंडाले जनाएको छ । वन तथा वातावरण मन्त्रालयले पछिल्लो पटक १३ वैशाख २०७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय, सुझाव अनुसार ईआईए प्रतिवेदन पेश गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पत्राचार गरेको थियो । ४ वर्षदेखि ईआईए प्रतिवेदन मन्त्रालय तथा विभागबीच नै घुमिरहेको छ । ईआईए प्रतिवेदनमै वन मन्त्रालयमा अड्किएको छ । त्यही ईआईए प्रतिवेदन यता र उता भइरहेको हो बाँकी काम केही भएको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १५ गते बिहीबार २७ फेब्रुअरी २०२५ । चतुर्दशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ६:०२ । राष्ट्रिय मगर दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलोचनामा वृद्धि | तुला | : मान्यजनबाट विवाद |
| वृष | : यात्रामा अवरोध | वृश्चिक | : अहमपनले कार्यमा हानि |
| मिथुन | : व्यवसायमा सफलता | धनु | : शत्रु नाश |
| कर्कट | : मान हानिले खिन्नता | मकर | : परिवारमा कलह |
| सिंह | : धर्मकार्यमा खर्च | कुम्भ | : रोग नाश |
| कन्या | : न्यायिक कार्यमा सफलता | मीन | : अशुभ समाचार सुन्नुपर्ने |

# अस्ट्रेलियाबाट हेर्दा देखिएको नेपाल



✍ राजु नेपाल

यो वर्ष पारिवारिक भेटको सिलसिलामा दुईपटक गरी दुई महिना अष्ट्रेलिया बस्ने मौका मिल्यो । विगतमा आफ्नो पेशागत कामको क्रममा तालीम, सेमिनारको लागि संसारका विभिन्न मुलुकको पटक-पटक छोटो भ्रमण गरेको भए पनि पारिवारिक भेटघाटको लागि र लामो समय अस्ट्रेलिया बस्ने मौका भने पहिलो पटक मिलेको थियो । अस्ट्रेलिया र अझ त्यसमा पनि सिड्नी शहर वरिपरिको घुमाइ, केही किनमेल र रमाइला भेटघाटका कारण दुई महिनाको समय बितेको पत्तै भएन । त्यो अवधिमा अस्ट्रेलियाको विकास, सरकारले आफ्ना नागरिकलाई हेर्ने दृष्टिकोण र नेपालीहरूको अस्ट्रेलिया बसाइ आदि बारे थोरै भए पनि जान्ने-बुझ्ने मौका मिल्यो ।

मैले यो बसाइका क्रममा भेटेका नेपालीहरू आठ-दश वर्ष अगाडि विद्यार्थीको रूपमा अस्ट्रेलिया गई आफ्नो मिहिनेतले उच्च शिक्षा पछि त्यहाँ राम्रो काम गर्दै गरेका र धेरैजसो त्यतैका नागरिकता लिइसकेकाहरू थिए । ती युवाहरू त्यतै बिहेवारी गरी बालबच्चा समेत हुर्काउँदै गरेका छन् । तसर्थ विद्यार्थीको रूपमा अझै संघर्ष गर्दै गरेकाहरूका कथा यो लेखले समेट्दैन । भ्रमणका क्रममा त्यहाँका फराकिला सडकहरू, सफा वातावरण, हाइटेक र दिनभरि घुमेर पनि नसकिने सपिङ मलहरू, क्यासलेस कारोबार, नियम पूर्ण रूपमा पालन गर्नुपर्ने प्रतिबद्धता आदिले प्रभाव पार्ने नै भयो । नगर पालिका जसलाई यहाँ काउन्सिल भनिंदो रहेछ, उसको कामको त जति प्रशंसा गरे पनि पुग्दैन ।

घर, सरसफाइ आदि नगरपालिकाले हेर्ने तथा विद्यालय शिक्षा र स्वास्थ्य सेवा प्रदेशले हेर्ने रहेछ । कक्षा १२ सम्मको शिक्षा पूरै निःशुल्क छ तर आफ्नो घर भएको वा आफू बसेको ठाउँको विद्यालयमा मात्रै आफ्नो बच्चा पढाउन पाइन्छ । अझ बच्चाको भर्ना स्कुल आफैंले गरेर घरमा चिठी पठाउँछ । बच्चा विद्यालय नपठाउने अभिभावक कानूनतः दण्डित हुन्छन् । स्वास्थ्य सेवा निःशुल्क छ । नगरपालिकाको मापदण्ड अनुरूप बनेको घरमा कुनै कारणले क्षति भयो भने त्यसको जिम्मेवारी विशेष समयमा नगर पालिकाले लिने गज्जबको अभ्यास रहेछ । एम्बुलेन्स, दमकल, हुलाक आदि सेवाको गुणस्तरको त अझ कुरै गर्नुपरेन । हरेकको घरमा अझ भनौं, व्यक्तिपिच्छे गाडी भए पनि बस, रेलले यहाँको अधिकांश भाग जोडेको छ ।

सरकार बन्ने र ढल्ने खेल त सामान्य नै भयो । त्यो देश पनि त्यो रोगबाट अपवादमा छैन । तर त्यो क्रमले सर्वसाधारणको जीवनमा केही फरक पर्दैन । आफ्नो नगरप्रमुख को छ र सांसद को छ भन्नेसम्म पनि धेरैलाई थाहा हुन्न र थाहा पाउनु जरूरी पनि छैन । प्रधानमन्त्री र मन्त्रीहरू विशेष समारोहमा बाहेक आफैं गाडी चलाएर कार्यालय जान्छन् । कहिलेकाहीं त साइक्लमै पनि । सडकमा कतै प्रहरी देखिन्नन् । संसद् भवनको भित्र मात्रै हैन, छानासम्म पनि सर्वसाधारण र अझ पर्यटकले पनि जान पाउँछन् । सांसद जनताले चुनेर पठाएका प्रतिनिधि हुन्, उनीहरू भन्दा जनता माथि हुन् भनेर त्यसो गरिएको रे ! तर कोही जनता सांसद भेट्न, आफ्नो ठाउँमा बजेट पार्न, जागिर वा सरुवाको लागि सांसद भेट्न जानु भने पर्दैन र जाँदैनन् ।

अब प्रवेश गरौं त्यहाँका नेपालीहरूका बारेमा । अहिले संसारमा सबैभन्दा धेरै नेपाली भएको शहर अस्ट्रेलियाको सिड्नी हो । त्यहाँ मलमा, पार्कमा, हरेक जसो कार्यालयमा, रेलमा, बसमा जताततै नेपाली भेटिन्छन् । बिदाका दिनमा त अधिकांश पार्कहरूमा नेपालीका तीन पुस्ता एकैसाथ देख्न भेट्न पाइन्छ । यहाँ आएर बसेको पुस्ता, उसका साना बच्चाको पुस्ता र आफ्ना सन्तान र उनीहरूका सन्तान (नाति-नातिना) भेट्न आएका मेरा पुस्ता ।

मैले यो अवधिमा करिब ३० जोडी, उनीहरूका बच्चाहरू र कतिपयका म जस्तै अभिभावक भेटें । सबैसँग कुरा गरें, जान्ने प्रयास गरें, किन पढाइ सकेर नेपाल नफर्केको ? किन यताको नागरिकता लिएको ? अब फर्कने कि नफर्कने ? नेपालको बारेमा के धारणा छ ? मेरो जिज्ञासामा सबैजसोको धारणा समान पाएँ । उनीहरूले यहाँको सुख-सयल र उच्चस्तरीय जीवनशैली भन्दा हामी नेपाली, मेरो र मभन्दा एकपुस्ता माथिले देश र जनतामाथि गरेको आर्थिक, सामाजिक अत्याचारबाट आफूलाई अलग गरेको पाएँ । उनीहरूको विचारमा के के रहेछन् त कारणहरू ?

### अवसरको अभाव

नेपालमा आफ्नो उच्चशिक्षाको अध्ययन सकेपछि पढाइ अनुसार गर्ने काम छैन किनकि देशले विगत ३० वर्षमा पर्याप्त अवसर सिर्जना गरेन । पढाइ पछि काम खोज्नु सबैको अधिकार हो तसर्थ जहाँ काम छ त्यहाँ बस्नु अन्यथा भएन । पढाइ सकेर विदेशमै काम खोज्नुछ भने विदेशमै पढेर विदेशमै काम खोज्नु सजिलो हुने नै भयो ।

### समृद्ध जीवन

अस्ट्रेलियामा चार वर्ष उच्चशिक्षा अध्ययन गरेर त्यतै काम गर्न थालेको मानिसको जीवन समृद्ध छ । जुन जीवनशैलीलाई नेपालमा उच्च मानिन्छ, त्यो अस्ट्रेलियामा सामान्य छ । घर, गाडी, बच्चाको उच्च गुणस्तरको शिक्षा, अत्याधुनिक स्वास्थ्य सेवा, वर्षको दुई वटा विश्वका जुनसुकै देशको भ्रमण, देश भित्र प्रशस्त मनोरञ्जन । त्यसमाथि केही बचत । के चाहियो अरू ? उनीहरू खुशी र सुखी दुवै छन् ।

### सुरक्षा

जीवन, सम्पत्ति र बुढेसकाल । यी तीन वटैको सुरक्षा सरकारले गरेको छ । चोरी, गुण्डागर्दी छैन । रातिको त कुरै छाडौं घरबाट बाहिर निस्कँदा समेत घरमा ताल्चा मार्दै नमारे हुन्छ । कोही धेरै धनी छैनन्, कोही गरीब छैनन् अब के को डर ? सबैसँग बराबरी जस्तै सम्पत्ति छ र पुग्दो छ । जोसँग छैन, सरकारले हेर्छ, अनि किन चोर्नु ? सरकारले बुढेसकाल सुरक्षित गरेको छ, निश्चित वर्षपछि पेन्सन दिन्छ, छैन भने बस्न घर दिन्छ, खान दिन्छ र बिरामी पर्दा उपचार गर्छ ।

### सन्तानको सुरक्षित भविष्य

विश्व राजनीतिक झगडाबाट टाढै रहेको त्यो देशका नागरिकको भविष्य सुरक्षित छ । आफ्ना नागरिक जन्मेको दिनदेखि सरकारले हेर्छ । शिक्षा, स्वास्थ्य, काम, वास सबै । अझ त्यहाँको उच्च गुणस्तरीय शिक्षाका कारण आफ्ना सन्तान विश्वमा जहाँ पनि बिक्छन् । यस्तोमा आफू पनि सम्पन्न र सन्तानको भविष्य पनि सुरक्षित, अनि किन नबस्ने त्यहाँ ?

### नागरिकता

त्यताको नागरिकताले आफ्नो देशमा र विदेशमा पनि काम खोज्न सजिलो हुन्छ । राज्यका सबै अधिकार प्रयोग गर्न पाइन्छ र भविष्य सुरक्षित हुने उनीहरूको तर्क छ । अझ रमाइलो त के भने, उताको नागरिकता लिएपछि संसारका एकसय भन्दा बढी देशमा भिसा नलिई यात्रा गर्न सकिन्छ तर आफ्नै आमा-बा भेट्न नेपाल आउनुपर्‍यो भने भिसा लगाउनुपर्छ । यस्तो छ उनीहरूको विडम्बना ।

### नेता र दलसाग बढी गुनासो

त्यहाँ बसेका नेपालीको नेपालसँगको गुनासो नेता र राजनीतिक दलसँग छ । गुनासो मात्र हैन अझ भनौं आक्रोश छ । एक जना भन्दै हुनुहुन्थ्यो, 'अंकल मेरो दाइ विदेशमा हुनुन्थ्यो, बा आमासँग म नेपाल बस्ने सोचाइमा थिएँ, तर १४ घण्टाको लोडसेडिङले मेरो जीवन पनि त्यस्तै अन्धकार हुन्छ भन्ने बुझेर म यहाँ आएको हुँ ।' उनको विचारमा जे-जति घटना नेपालमा भइरहेका छन्, नेपालमा अझै अर्को एकसय वर्ष केही हुनेवाला छैन । उनी अहिले त्यहाँ सम्पन्न छन् ।

अर्को एकजना भन्दै हुनुहुन्थ्यो, 'अंकल आजभन्दा २५ वर्ष अघि म केटाकेटी हुँदा काठमाडौं चितवन बसको यात्रा चार घण्टामा हुन्थ्यो, अचेल सात घण्टा भन्दा कममा हुँदैन । हामी अगाडि बढ्दैछौं कि पछाडि ?' उनीहरूको विचारमा नेपालका अहिलेका राजनीतिक मूलधारका पार्टीका अहिलेको पुस्ता मात्रै नभई अब आउने दुई पुस्ता त नालायक नै छ । उनीहरूले नै देश चलाउने हो भने नेपालका गाउँ मात्रै हैन शहर पनि रित्तिन्छन् । न विकास प्रतिको दृष्टिकोण, न सोच, न अध्ययन न सिक्न खोज्ने चाहना । उनीहरूले कुर्सी, कार्यकर्ता र क्यास यी तीन 'क' बाहेक अरू केही चिन्दैनन् । अनि कसरी देश बस्न लायक हुन्छ ?

तर पनि यो पुस्ता अझै नेपालमा भएका घटनामा चासो राख्छ र आफ्ना मत अभिमत व्यक्त गर्दछ । त्यो पुस्ताले देउवा, ओली र प्रचण्ड मात्रै हैन, बालेन, रवि र हर्क पनि चिन्छ । टिकटक हेर्छन्, पार्कमा 'पल्लारे साईंलाले ...' गीतमा नाच्छन् । त्यहाँ जन्मेका नेपाली बच्चाहरूलाई नेपाल थाहा छ, केही शब्द नेपाली बोल्न आउँछ, वाक्य बनाउन आउँदैन, सरल नेपाली बुझ्छन्, फर्काउन सक्दैनन् । नेपाल र नेपालमा भएका घटना थाहा पनि छैन र बुझ्ने रहर पनि छैन । नातामा आफ्नो घर बाहेक अरू थाहा छैन र हुने पनि छैन । नेपाल भन्दा बाली वा न्युजिल्याण्ड उनीहरूको अर्को वर्षको घुम्ने लिस्टमा हुन्छ ।

आफ्ना सन्तानका कारण वर्षेनि हजारौंका संख्यामा म जस्तै नेपाली अभिभावकहरू त्यहाँ जान्छन् । उनीहरू जताततै नातिनातिनालाई प्राममा वा हात समातेर डोर्‍याउँदै गरेका भेटिन्छन् । बाआमाहरू आफ्नो सन्तानले विदेशमा गरेको प्रगति देखेर र आफू विदेश घुम्न पाएकोमा मख्ख छन् । एक जना नेपाली अभिभावक पार्कमा भेट्दा मलाई भन्दै हुनुहुन्थ्यो, 'यहाँ एक वर्ष बसेपछि ६ महिना नेपाल बस्नुपर्छ अनि फेरि आउने हो । आफ्ना सन्तान जहाँ, आफ्नो लागि घर त्यहाँ, हैन त ?' मैले सहमतिमा टाउको हल्लाएँ । अस्ट्रेलियाले आफ्ना नागरिकका विदेशी आमा-बुवाको लागि पनि स्थायी बसोबास अनुमति पत्र लिन सक्ने व्यवस्था गरेको रहेछ । त्यसको लागि करीब ५० हजार अस्ट्रेलियन डलरको शुल्क रहेछ । त्यो भएपछि त्यहाँका नागरिक सरह सामाजिक सुरक्षा पाइने व्यवस्था रहेछ । मैले भेटेको एक युवा मलाई भन्दै थिए, 'अंकल एप्लाई गर्ने हैन त ?' मैले केही बोलिनँ तर दिमागमा एकैपटक धेरै कुराहरू आए ।

*(साभार: अनलाइनखबर)*

# किन पर्‍यो नेपाल सम्पत्ति शुद्धीकरणको खैरो-सूचीमा ?

✍ विजयकान्त धमला

गैरकानुनी तवरबाट आर्जन गरेको सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने, कारोबार छल्ने र कानुनी स्रोतबाट प्राप्त भएको हो भनी देखाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । अर्थात् कालो धनलाई सेतो बनाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । यसमा गैरकानुनी स्रोतबाट उपार्जन गरेको सम्पत्तिको स्रोतलाई नै परिवर्तन गरेर कानुनी स्रोत बनाउने कार्य हुन्छ । यसले अशुद्ध वा गलत कार्यबाट उपार्जन गरिएको धन वा सम्पत्तिलाई शुद्ध गराउने वा उपयुक्त कार्यबाटै आर्जन गरिएको हो भन्ने देखाउने कुरालाई इङ्गित गर्छ ।

विशेषतः सम्पत्ति शुद्धीकरणको माध्यमद्वारा आतङ्कवादी क्रियाकलापमा समेत वित्तीय लगानी गरिन्छ । यस्तो कार्य व्यक्तिगत वा सङ्गठित रूपमा हुने गर्छ । व्यक्तिगतभन्दा सङ्गठित रूपमै बढी हुने गरेकाले यसलाई सङ्गठित अपराधका रूपमा समेत लिइन्छ । कुनै एउटा मुलुकको भौगोलिक वा राजनीतिक सीमा, एउटा वर्ग वा क्षेत्रभित्र मात्र सीमित नरहेर यो अपराध विश्वव्यापी रूपमै फैलिएको हुन्छ । त्यसैले सम्पत्ति शुद्धीकरण समकालीन विश्वको साझा चुनौतीको विषय हो । यसले मुलुकको वित्तीय प्रणालीको स्वरूप, अस्तित्व, साख र विकासमा नकारात्मक अवस्था सिर्जना गरी अन्ततः विश्व वित्तीय प्रणालीमा समेत असर पुर्‍याउने गर्छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई रोकथाम एवं निवारण गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास भएका छन्, हुँदै आएका छन् । यस किसिमका कार्यहरूको रोकथाम र निवारण गर्नका लागि नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन- २०६४, सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली- २०७० जस्ता नीतिगत प्रावधान गरिएको छ । उक्त ऐनको तत्त्वावधानमा रहेर संस्थागत व्यवस्थाका रूपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको गठन गरी विभिन्न ३२ वटा कसुरहरूको अनुसन्धान, अभियोजन गर्ने व्यवस्था गरिएको छ । हाल यो विभाग प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय मातहत रहेको छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्न विभिन्न १३ वटा निकाय तोकिएका छन् । राजस्व परामर्श समितिको प्रतिवेदन- २०८१ ले सम्पत्ति शुद्धीकरणका सन्दर्भमा विभिन्न सुझाव समेत दिएको छ । विश्व समुदायबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको जोखिम नरहेको देशका रूपमा मूल्याङ्कन हुने स्थिति बनाइराख्ने व्यवस्था नेपालको १६औं पञ्चवर्षीय योजनामा समेत समावेश गरिएको छ ।

सन् १९८९ मा 'जी-सेभेन'का देशहरूको पेरिसमा सम्पन्न शिखर सम्मेलनले विश्वमा सम्पत्ति शुद्धीकरणको बढ्दो समस्यासँग सामूहिक रूपमा लड्न वित्तीय कारबाही कार्यदल 'फाइनान्सियल एक्सन टास्क' ('एफएटीएफ')को गठन गरेको थियो । यस कार्यदलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कार्य गर्नका लागि आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई कानुनी दायरामा ल्याउन विभिन्न ४० वटा सिफारिस र नौवटा विशेष सिफारिसहरू जारी गरेको छ । सम्पत्ति शुद्धीकरणको प्रवृत्ति अध्ययन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका विधायिकी, वित्तीय तथा कानुनी गतिविधिहरू तथा यसको कार्यान्वयनको अनुगमन गर्नेह प्रतिवेदन गर्ने एवं सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि सिफारिस एवं मापदण्डहरू जारी गर्नेजस्ता जिम्मेवारी कार्यदललाई प्रदान गरिएको थियो ।

'एफएटीएफ'ले जारी गरेका सिफारिस एवं विशेष सिफारिसहरू सदस्य राष्ट्रहरूका लागि बाध्यकारी हुने गर्छन् । परिवर्तित समय र समयको माग अनुसार यसले आफ्ना सिफारिसलाई अद्यावधिक गर्ने गर्छ । उदाहरणका रूपमा सन् २०१८ मा सिफारिस नम्बर १५ लाई अद्यावधिक गरेको थियो । 'एफएटीएफ'ले कालो र खैरो गरेर दुई किसिमका सूचीहरू जारी र प्रकाशित गर्ने गर्छ । मुलुकहरूमा रहेको भ्रष्टाचारको अवस्था, सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, गैरवित्तीय क्षेत्रको नियमन, कार्यदलका सिफारिस र विशेष सिफारिसहरूको अनुपालना आदिका आधारमा राष्ट्रहरूलाई 'कालो वा खैरो-सूची' (ब्ल्याक अर ग्रे लिस्ट) मा राख्ने गर्छ । 'एफएटीएफ'ले उच्च जोखिममा रहेका देशहरूलाई कालो-सूचीमा र सुधारका लागि उच्च अनुगमनको दायरामा राख्नुपर्ने देशहरूलाई 'खैरो-सूची'मा राख्ने गरेको छ । यसर्थ कालो-सूची प्रतिबन्धित देशहरूको सूची हो भने खैरो-सूची उच्च निगरानीमा राखिएका देशहरूको सूची हो ।

सन् २०२५ को फेब्रुअरीमा फ्रान्सको पेरिसमा भएको कार्यदलको पूर्ण बैठकबाट नेपाललाई 'खैरो-सूची'मा राखिएको हो । नेपाल लगायत विभिन्न २६ वटा देश यस सूचीमा परेका छन् । यस्तै इरान, म्यानमार र उत्तरकोरिया 'एफएटीएफ'को कालो-सूचीमा परेका छन् । यसभन्दा अगाडि सन् २००९ देखि २०१४ सम्म पनि नेपाल 'खैरो-सूची'मा परेको थियो ।

एसिया प्यासिफिक ग्रुप (एपीजी) अफ मनी लाउन्डरिङले दुई वर्षअगाडि नै नेपालमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी पारस्परिक मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यदललाई बुझाएको थियो । सो प्रतिवेदन पारित गर्दै सन् २०२३ को अक्टोबरमा नेपाललाई एक वर्षको निगरानी अवधि दिइएको थियो । उक्त प्रतिवेदनले विभिन्न ४० वटा सुधारका क्षेत्रहरू तोकेको थियो । सुधारका लागि जुन क्षेत्रहरू तोकिएका थिए, त्यसमा सुधार हुन नसकेका कारण नेपाल खैरो-सूचीमा परेको हो । गैरवित्तीय क्षेत्रको नियमन हुन नसकेकोह आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीलाई नेपालले ट्र्याकिङ गर्न नसकेकोह सम्पत्ति शुद्धीकरण जोडिएका मामिलाहरूको अनुसन्धान र जाँचबुझ गर्न नेपाल कमजोर देखिएको कानुनी सुधार भए पनि कार्यान्वयन पक्ष फितलो रहेकोह संस्थागत क्षमताको विकास हुन नसकेकोह राष्ट्र बैङ्क, धितोपत्र बोर्ड, बिमा प्राधिकरणजस्ता निकायबाट कमजोर निगरानी हुनुह सहकारी क्षेत्र तथा घर-जग्गा कारोबार माथिको न्यून निगरानी हुनुह सम्पत्ति शुद्धीकरणका सवालमा फितलो अनुसन्धान र अभियोजन पद्धतिजस्ता कारणहरू नै नेपाल 'एफएटीएफ'को खैरो-सूचीमा पर्नुको अन्तर्य हो ।

मुलुक सम्पत्ति शुद्धीकरणको खैरो-सूचीमा परिसकेपछि केही चुनौती, समस्या र जोखिमहरू अवश्य आउँछन् । नेपालबाट लाखौं युवा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा जाने गर्छन् । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण मुलुकको प्रमुख आय-स्रोत पनि हो । विदेशमा श्रम गर्ने वर्गले आफूले आर्जन गरेको धन सहज रूपमा मातृ मुलुकमा पठाउन सक्ने अवस्था बन्नुपर्छ तर मुलुक सम्पत्ति शुद्धीकरणको खैरो-सूचीमा परेपछि विदेशबाट नेपालमा विप्रेषण रकम पठाउन बढी खर्चिलो र झन्झटिलो हुन सक्छ । यसका साथै प्रतीतपत्र खोल्दा महँगो पर्ने, वस्तु निर्यातमा झन्झट हुने, वैदेशिक ऋण एवं अनुदानहरू घट्ने, प्रत्यक्ष वैदेशिक लगानीमा समस्या आउने अर्थात् नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्न कोही पनि अनिच्छुक हुने, अन्तर्राष्ट्रिय व्यापारमा समस्या उत्पन्न हुने, अन्तर्राष्ट्रिय बैङ्किङ प्रणालीमा समस्या सिर्जना हुने, अन्तर्राष्ट्रिय वित्तीय कारोबारमा उच्च निगरानी हुने, अन्य राष्ट्रले हाम्रो देशलाई हेर्ने नजरमा समेत परिवर्तन आउन सक्ने जस्ता चुनौती एवं जोखिम हामीले बेहोर्नुपर्ने हुन सक्छ ।


सन् २०२५ को फेब्रुअरीबाट खैरो-सूचीमा परेको नेपाल अबको दुई वर्ष अथवा सन् २०२७ को जनवरीसम्म यो सूचीमा रहनेछ । मुलुकले गर्ने सुधारका कार्यका आधारमा खैरो-सूचीबाट बाहिर निस्किने वा 'डार्क ग्रे-लिस्ट'मा पर्ने वा 'ब्ल्याक-लिस्ट'मा पर्ने कुराको निर्क्योल हुन्छ । 'एफएटीएफ'ले तोकेको दुई वर्ष वा त्योभन्दा अगाडि नै सम्पत्ति शुद्धीकरणको ग्रे-लिस्टबाट मुक्त हुन नेपालले कार्ययोजना बनाई लागु गर्नुपर्छ । एक्सन प्लान बनाउने र 'एफएटीएफ'को महासभाबाट स्वीकृत एक्सन प्लान अनुसार कार्य गर्ने, सो अनुसारको कानुनी एवं नीतिगत व्यवस्था गर्ने, कानुनको कार्यान्वयन गर्न सक्ने संस्थागत संरचनाको व्यवस्था गर्ने र उक्त कानुनी एवं संरचनात्मक व्यवस्थामार्फत द्रुत गतिमा कार्य गरी सोको प्रगति प्रतिवेदन तीन-तीन महिनामा नियमित रूपमा कार्यदलमा पेस गर्नुपर्छ । यो बिचमा सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनका क्षेत्रमा कार्य गर्ने, कार्यदलका सिफारिस एवं विशेष सिफारिसहरूको पूर्ण पालना गर्ने, गैरवित्तीय पेसा-व्यवसायलाई नियमन गर्ने, सम्पत्ति शुद्धीकरण निवारणका लागि अन्तर निकाय समन्वय र सहकार्य गर्ने, सहकारी तथा क्यासिनो र घरजग्गा कारोबारमा उच्च निगरानी राख्ने, बहुमूल्य धातुका व्यापारीहरूमाथि उच्च निगरानी राख्ने, आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय प्रवाहलाई रोक्ने, राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने तथा कूटनीतिक पहलहरू गर्नेजस्ता कार्य गर्नुपर्छ । जसले नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे-लिस्टबाट मुक्त गराई अन्य देशसरह बन्न सहयोग पुर्‍याउँछ । यसै सन्दर्भमा राजनीतिक प्रतिबद्धताहरू एवं सरकारी तवरबाट छिटै नेपाललाई ग्रे-लिस्टबाट मुक्त गर्ने गरी कार्यहरू गर्ने प्रतिबद्धता व्यक्त भएका छन् । साथै यस विषयलाई सरकारले उच्च प्राथमिकतामा राखेको र सबै सरोकारवालामा नेपाललाई ग्रे-लिस्टबाट बाहिर निकाल्न आ-आफ्नो भूमिका निर्वाह गर्न आह्वान समेत गरेको छ, यो सुखद् समाचार हो ।

अन्त्यमा, आपराधिक कार्यबाट सम्पत्तिको आर्जन हुने र आतंकवादी क्रियाकलापसम्म त्यो जोडिनेजस्ता जोखिमबाट मुलुकलाई पूर्ण रूपमा जोगाउन 'एफएटीएफ'को ग्रे-लिस्टलाई एउटा महत्त्वपूर्ण अवसरका रूपमा लिएर कार्य गर्ने हो भने नेपाल राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वित्तीय रुपमा सक्षम मुलुक बन्न सक्नेछ । त्यसैले नपर्नु ग्रे-लिस्टमा परिसकेपश्चात् यसलाई अवसरका रूपमा लिएर कार्य गर्नु नै मुलुकको हितमा हुन्छ भन्ने विश्वास लिन सकिन्छ ।

*(साभार: रातोपाटी)*

# देशभरका एक तिहाइ स्थानीय सरकार प्रशासनिक नेतृत्वविहीन

काठमाडौं/स्याङ्जाको हरिनास गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कात्तिक १२ गते सरुवा भएर गए । त्यसपछि झन्डै दुई महिना हरिनास प्रमुख प्रशासकीय अधिकृतविहीन हुनपुग्यो । यसबीचमा प्रशासनिक कामकाज ठप्प भए । अरू त अरू, शिक्षकको तलब र वृद्धवृद्धादेखि अपाङ्ग भत्तासम्म रोकियो । झन्डै दुई महिना पछिमात्र पालिकाले प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा शिवकुमार पौडेललाई पायो ।




'प्रमुख प्रशासकीय अधिकृत नहुँदा अरुबेला समस्या नभए पनि सामाजिक सुरक्षा भत्ता र शिक्षकहरूको तलब खुवाउन समस्या हुनेरहेछ', गाउँपालिका अध्यक्ष खिमनारायण मानन्धरले संचारकर्मीसँग भने । हरिनास गाउँपालिका स्याङ्जामा सबैभन्दा बढी प्रमुख प्रशासकीय अधिकृत परिवर्तन हुने पालिकाभित्र पर्छ । पालिका अध्यक्ष मानन्धर भन्छन्, 'कतिपय बेला जनताका काम गर्न नमान्दा पनि फिर्ता पठाउनुपर्ने बाध्यता हुन्छ ।'

पछिल्लो समय धेरै ठाउँमा कर्मचारी र जनप्रतिनिधि बीचको अन्तरद्वन्द्वले पनि सम्बन्ध चिसिइरहेको छ । पालिका प्रमुख र कर्मचारीको विवादले पनि प्रशासनिक कामकारबाही ठप्प भएका धेरै उदाहरण छन् । देशकै राजधानी शहर काठमाडौं महानगर पालिकामै यस्तो समस्या देखिएको झन्डै दुई महिना भइसक्यो ।

काठमाडौं महानगर प्रमुख बालेन शाहले प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई नक्सा पासमा गडबडी देखिएको भन्दै बिदामा बस्न लगाए । शाहले कार्यालयमा हाजिरसमेत हुन नदिई प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमै ताला लगाइदिए । गुरागाईंलाई बिदामा बस्न लगाएर मेयर शाहले महानगरका वरिष्ठ अधिकारी गोविन्दप्रसाद शर्मालाई निमित्तको जिम्मेवारी दिए । तर, उनले व्यक्तिगत कारण देखाउँदै राजीनामा दिएपछि अहिले पनि काठमाडौं महानगर प्रमुख प्रशासकीय अधिकृतविहीन छ ।

संघीय राजधानी र त्यस माथि जनसांख्यिक रूपमा देशकै सबैभन्दा ठूलो महानगर काठमाडौं नै प्रमुख प्रशाकीय अधिकृतविहीन भएपछि मेयर बालेनले २४ पुसमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई नयाँ कर्मचारी पठाइदिन पत्र लेखे । 'काठमाडौं महागनरपालिकामा खटिई आउनुभएका प्रमुख प्रशासकीय अधिकृतका सम्बन्धमा छानबिन भइरहेको हुँदा हाल उहाँ बिदामा बस्नु भएकाले स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा ८४ बमोजिमको कामकाज गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत खटाई पठाइदिनुहुन अनुरोध छ', पत्रमा बालेनले लेखेका थिए ।

तर, अहिलेसम्म मन्त्रालयले काठमाडौंमा नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाएको छैन । प्रशासनिक संयन्त्र प्रमुख नहुँदा सामाजिक सेवा, कर्मचारी, शिक्षक लगायतको तलबभत्ता वितरण नै प्रभावित छ ।

**एक तिहाइ पालिकामा छैनन् प्रशासनिक नेतृत्व**

स्थानीय तह कर्मचारी प्रशासन शाखाका अनुसार काठमाडौं सहित अहिले पनि देशभरका २३१ स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन छन् । यसबाट सबैभन्दा धेरै पीडित मधेश प्रदेश छ । स्थानीय तह कर्मचारी प्रशासन शाखाले उपलब्ध गराएको तथ्यांक अनुसार मधेश प्रदेशमा मात्रै ६९ वटा स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन छन् ।

त्यस्तै, सबैभन्दा कम गण्डकी प्रदेशमा छन् । ८५ वटा पालिका रहेको गण्डकीमा हाल ५ वटा गाउँपालिकामात्रै प्रमुख प्रशासकीय अधिकृतविहीन रहेको शाखाका उपसचिव भुवनेश्वर लामिछानेले संचारकर्मीलाई जानकारी दिए । उनका अनुसार सबै नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत भएको एकमात्र प्रदेश गण्डकी हो ।

**"९० प्रतिशत काम प्रभावित"**

नगरपालिका संघका अध्यक्षसमेत रहेका धादिङको नीलकण्ठ नगरपालिका प्रमुख भीमप्रसाद ढुंगाना स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा सुशासन नै कमजोर हुन पुगेको बताउँछन् । उनका अनुसार कार्यालयमा सबै प्रशासनिक कामकारबाही प्रमुख प्रशासकीय अधिकृत मातहतमै हुने भएकाले उक्त पद नै रिक्त हुँदा सेवा प्रभावित भइरहेको छ । 'हामी भनेको राजनीतिक नेतृत्व हो । नीति नियम बनाउँला, त्यसमा छलफल गरौंला । तर, त्यसलाई कार्यान्वयन गर्ने जिम्मा कर्मचारी नेतृत्वकै काम हो' ढुंगानाले भने, 'कर्मचारी सबै प्रमुख प्रशासकीय अधिकृतकै मातहतमा हुने भएकाले ९० प्रतिशत काम अड्किन्छन् ।'

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा दैनिक प्रवाह हुनुपर्ने सेवाहरू नै प्रभावित हुने ढुंगाना बताउँछन् । 'योजनाहरूको काम अगाडि बढ्नै पाउँदैन । भुक्तानी, पारिश्रमिक सबै काम रोकिन्छ । जनताले प्रत्यक्ष दैनिक रूपमा पाउने सेवा, अधिकारमै असर पुग्छ' उनी भन्छन्, 'दैनिक सेवा प्रवाह हुनुपर्ने सेवा नै प्रभावित भएपछि जनताले कसरी सुशासन अनुभूति गर्छन् ?'

**कर्मचारी राजधानीको बरन्डामा, स्थानीय तह प्यारालाइसिस**

राष्ट्रिय सभाको तत्कालीन संघीयता कार्यान्वन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले समेत प्रदेश र स्थानीय तहमा कर्मचारी अभावले कार्यसम्पादन र सेवा प्रवाहमा समस्या देखिएकोले आवश्यक कर्मचारी खटाउन सुझाव दिएको थियो । राष्ट्रिय सभाका तत्कालीन सदस्य खिमलाल देवकोटाको संयोजकत्वमा गठित उक्त समितिले प्रदेश र स्थानीय तहको कर्मचारी अभाव पूरा गर्न केन्द्र (संघीय) कर्मचारी संख्या कटौती गरेर प्रदेश र स्थानीय तहमा बढाउनसमेत सुझाव दिएको थियो ।

विशेष समितिको प्रतिवेदनको सुझाव खण्डमा लेखिएको छ, 'कामको जिम्मेवारी प्रदेश र स्थानीय तहमा तर कर्मचारी संघमा नै थुप्रिने/रमाउने स्थितिको अन्त्य लगायतका लागि संघमा रहेका कर्मचारी आधाले कटौती गर्ने कानुनी र नीतिगत व्यवस्था मिलाउने ।' संविधान जारी भएको १० वर्ष भइसक्दासमेत संघीयताको मर्मअनुसार संघीय निजामती ऐन जारी नहुँदा कर्मचारी व्यवस्थापनमा समस्या देखिएको देवकोटाको निष्कर्ष छ । 'हामीले त ऐन जारी नहुँदासम्म पालिकाहरुको प्रमुख प्रशासकीय अधिकृतहरुको जिम्मेवारी एकमुष्ट रूपमा प्रदेशलाई हस्तान्तरण गर्न सुझाव दिएका हौं' उनले भने, 'एकमुष्ट पठाएपछि त्यसको खटनपटन प्रदेशले नै गर्छ । संविधानको मर्मअनुसार काम पनि हुन्छ ।'

पालिका निमित्तको भरमा चल्दा विभिन्न नीतिगत र कार्यगत समस्या पनि देखिन पुगेको देवकोटा बताउँछन् । 'अहिले पनि कर्मचारीहरू सिंहदरबारमा घाम तापेर बसेका छन् । तर, तल कर्मचारी नै अभाव छ । यसले समस्या ल्याइरहेको छ' उनी भन्छन्, 'यसले कामकारबाहीमा मात्रै होइन, सुशासनमै असर पारिरहेको छ ।'

कर्मचारी पनि व्यक्तिगत सुविधा र सहजताका लागि राजधानी छाड्न नमान्ने र तीन तहबीच आवश्यक समन्वय हुन नसक्दा यो समस्या देखिइरहेको देवकोटा सुनाउँछन् । 'यो खाडल पुर्न सांसदहरूले सशक्त आवाज उठाउनुपर्ने र कमर्चारीहरूले पनि सोच र व्यवहार बदल्नुपर्छ,' उनी भन्छन्, 'यो भयो भने संघमा कमर्चारी थुप्रिने मधेश, कर्णालीतिर नपुग्ने, जान नचाहने समस्यामा अलि सुधार आउँथ्यो भन्ने हो ।'

**पदपूर्तिबारे मन्त्री र प्रवक्ताकै कुरा बाझियो**

देशभरका झन्डै एक तिहाइ पालिकालाई प्रशासनिक नेतृत्वविहीन गराएर स्थानीय सरकार 'प्यारालाइसिस' बनाएको आरोप लागिरहँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री एक साताभित्र पदपूर्ति हुने जिकिर गर्छन् भने मन्त्रालयका प्रवक्ता कम्तिमा ३/४ महिना लाग्ने बताउँछन् । संघीय राजधानीमै भएको महानगर पालिकाले २ महिना हुन लाग्दासमेत प्रमुख प्रशासकीय अधिकृत नपाएको भन्दै आलोचना भइरहेको छ । मन्त्री राजकुमार गुप्ताले प्रमुख प्रशासकीय अधिकृत खाली भएको ठाउँमा एक हप्ताभित्रै पठाउने बताएका छन् ।

'महानगर मेरो पनि हो । संघीय मामिला मन्त्रालयको त्यो एउटा कार्यालय हो । मेयर सा'ब को हुनुहुन्छ, त्यो पछिको कुरा हो' सोमबार संसद् भवन परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले भने, 'काठमाडौं महानगर मेरो कार्यालय हो । त्यहाँ प्रमुख प्रशासकीय अधिकारी पठाउने काम मेरो हो ।' सहसचिवहरू लोकसेवा आयोगबाट बढुवा भएर आएको र अहिले तालिमका क्रममा रहेकाले एक हप्ताभित्र खाली रहेका पालिकामा प्रमुख प्रशासकीय अधिकृत पठाउने उनले बताएका छन् ।

तर, मन्त्रालयका प्रवक्ता समेत रहेका सहसचिव कालीप्रसाद पराजुली प्रमुख प्रशासकीय अधिकृतविहीन रहेका सबै पालिकाले प्रमुख पाउन ४ महिना लाग्ने बताउँछन् । उनका अनुसार अहिले ४० उपसचिव स्तरको कर्मचारी भर्ना भएकाले उनीहरूलाई पदस्थापन गराउने तयारी भइरहेको छ । केही उपमहानगरसहितका पालिकामा सहसचिवहरू पनि खाली हुने क्रममा रहेको र त्यहाँ पनि प्रमुख प्रशासकीय अधिकृत पठाउने तयारी छ । 'केहीले अहिले तालिम लिइराख्नु भएको छ, सकिएलगत्तै उहाँहरूको चाँडै जिम्मा तोक्ने तयारी भइरहेको छ' पराजुलीले भने, 'तर सबै ठाउँमा प्रमुख प्रशासकीय अधिकृत पदस्थापन गर्न अझै ३, ४ महिनासम्म लाग्न सक्छ ।'

(स्रोत: अनलाइनखबर)

# धीरजको दृश्य खिच्दै 'कुस्ती'को छायांकन सुरु



काठमाडौं/कलाकार बुद्धि तामाङ 'हैट'को पहिलो निर्माण रहेको फिल्म 'कुस्ती'को छायांकन सुरु गरिएको छ । मंगलबार काठमाडौंस्थित मातातीर्थमा मुहूर्त पूजा गर्दै फिल्मको छायांकन थालिएको हो । फिल्मका लागि पहिलो सट मुख्य कलाकारहरु धीरज मगर, पुस्कर गुरुङ र लुनिभा तुलाधरले दिएका थिए । काठमाडौंमा ४५ दिनसम्म फिल्मको छायांकन गरिने निर्देशक अनिल योञ्जनले बताए ।

अनुषा सिनेमावुड पिक्चर्सको ब्यानरमा निर्माण हुने फिल्ममा धीरजको जोडीको रुपमा अभिनेत्री मिरुना मगर देखिनेछिन् । बुद्धि तामाङ, दीकिला शेर्पा, रवीन्द्र झा, पुस्कर गुरुङ, राजाराम पौडेल, किरण केसी, लुनिभा तुलाधर, सूर्यमान लिम्बू, अरविन गुरुङ, र जनी गुरुङ, सुवर्ण थापा लगायतको पनि फिल्ममा अभिनय रहनेछ ।

निर्देशक योञ्जनले प्रेम सम्बन्धमा रहेका एक जोडीको कथा फिल्मले भन्ने जानकारी दिए । उनले भने, 'उनीहरु एकअर्कालाई माया त गर्छन्, तर आ-आफ्नो स्वभावले गर्दा सँगै रहन कठिनाईको सामना गरिरहेका हुन्छन् । दर्शकले यो जोडीबाट गर्ने अपेक्षालाई पूरा गर्ने हाम्रो प्रयास रहनेछ ।' यसमा उनी स्वयंको लेखन छ । यसअघि उनले फिल्म 'डायरी' निर्देशन गरेका थिए ।

पहिलो पटक फिल्म निर्माणमा होमिएका बुद्धि तामाङले आफू उत्साहितसँगै नर्भस रहेको बताए । उनले भने, 'मैले कलाकारितामा बटुलेको अनुभवलाई फिल्म निर्माणमा प्रयोग गर्ने कोसिस गर्दैछु । एउटा राम्रो कथा र राम्रो टिम पाएकाले म निर्माताको रुपमा अगाडि आउन सफल भएको हुँ । हामीले देखेको सपना छिटै पूरा भएर पर्दामा आउँदैछ ।'

फिल्ममा उमोङ्ग शाही छायाँकार, मित्रदेव गुरुङ सम्पादक, दीपक शर्मा, निर्देशक योञ्जन र कल्याण सिंह संगीतकार तथा शिशिर खाती नृत्य निर्देशकमा छन् । डिजिटल पार्टनरको रुपमा ओएसआर डिजिटल रहेको फिल्ममा ड्रेस आइआइएफटी (धीरज एण्ड मिरुना) र बोमी राईले स्टाइलिस गरेका छन् । 'कुस्ती'लाई आउँदो वर्ष अर्थात् २०८२ को भदौमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

# 'मायावी' प्रिमियरमा राजेश हमालले भने- 'फिल्मले बजार तताउँछ'

काठमाडौं/अभिनेता राजेश हमाल फिल्मको प्रिमियरमा विरलै देखिन्छन् । धेरैपछि उनी सोमबार फिल्म 'मायावी'को प्रिमियरमा उपस्थित भए । यसका निर्देशक दीवाकर भट्टराईको नयाँ फिल्म 'नरसिंहा : अवतार'मा काम गरेकाले पनि उनी प्रिमियरमा सहभागी भएका थिए । र, उनी नै प्रिमियरको प्रमुख आकर्षणको पात्र रहे । उनले फिल्म हेरेपछि दिएको प्रतिक्रियाले निर्माण पक्ष उत्साहित बनेको छ ।



अभिनेता हमालले 'मायावी'ले बजार तताउने दाबी गरेका छन् । उनले भने, 'यो फिल्ममा हरेक कुरा छ । कथावस्तुले मन छुन्छ । गीतसंगीतको प्रयोग निकै उत्कृष्ट तरिकाले गरिएको छ । ब्याकग्राउन्ड म्यूजिक पनि सशक्त छ । कलाकारहरुले निकै राम्रो काम गरेका छन् । यसैले 'मायावी'ले बजार तताउने कुरामा विश्वस्त छु ।'

हमालले अहिलेसम्म आफूले हेरेका लभस्टोरीमा 'मायावी' बेग्लै रहेको समेत बताए । 'मैले अहिलेसम्म जति पनि लभस्टोरी फिल्म हेरेको छु, त्यसमध्येमा 'मायावी' बेग्लै लाग्यो । यो कसरी सकिन्छ भन्ने पनि थाहा पाउन सकिँदैन । मान्छेको मन नै त हो नि, जता पनि जान सक्छ भन्ने देखाएको छ । यो लभस्टोरी फिल्म विशेष छ,' उनले भने ।

प्रिमियरमा निर्देशकहरु ज्ञानेन्द्र देउजा, नवल नेपाल, अभिनेता राज कटुवाल, पूर्वमिस नेपाल उषा खड्गी, गायक तथा अभिनेता रामकृष्ण ढकाल, अभिनेत्री सनिशा भट्टराई, मोडल उषा उप्रेती लगायत पनि उपस्थित थिए । उनीहरुले फिल्मको कथावस्तु, प्रस्तुतिकरण र कलाकारहरुको अभिनयको प्रशंसा गरे । मनछुने लभस्टोरी फिल्म बनेको प्राय:को प्रतिक्रिया थियो ।

प्रिमियरमा फिल्मका निर्देशक दीवाकर भट्टराई, कलाकारहरु दीपिका प्रसाईं, प्रशान्त ताम्राकार, करिश्मा श्रेष्ठ, सुशील सिटौला, राजाराम पौडेल, नव-नायक समीम खान लगायत उपस्थित थिए । दीपिका बेहुलीझैं सिङ्गारिएर पुगेकी थिइन् । अभिनेता पल शाह भने अर्को एक फिल्मको छायांकनका लागि रोल्पामा रहेकाले प्रिमियरमा उपस्थित हुन सकेनन् ।

'मायावी'मा ुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी छ । प्रवीण भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्ममा मञ्जु भण्डारी, राजु पराजुली र सुमित ओली सह-निर्मातामा छन् । फिल्मको गीतमा शम्भुजित बाँस्कोटा र एसडी योगीले संगीत दिएका छन् भने कविराज गहतराज र प्रविन सिंहको कोरियोग्राफी, राजु विक्रम थापाको डीओपी तथा मिलन श्रेष्ठको सम्पादन छ ।

# नागाबाबा कसरी बन्छन् ? कहिलेदेखि सुरु भयो परम्परा ?

काठमाडौं/महाशिवरात्रि पर्वका अवसरमा अघिल्ला वर्षहरुजस्तै काठमाडौंको पशुपतिनाथ मन्दिर परिसरमा नागाबाबा र साधुसन्तहरू आएका छन् । शिवरात्रिका दिन पशुपतिनाथ मन्दिरमा विशेष पूजाअर्चना गरिन्छ । पशुपति मन्दिर परिसर पुग्नेहरु नागाबाबाहरूको दर्शन गर्न पनि पुग्छन् । उनीहरूको वेषभूषा र जीवनशैली फरक हुने भएकाले सर्वसाधारणका उनीहरु चासो र आकर्षणको केन्द्र बन्ने गर्छन् ।

महाशिवरात्रि जस्ता विशेष अवसरहरूमा, विशेष गरी छिमेकी मुलुक भारतबाट समेत नागाबाबा र साधुसन्तहरु आउने गर्छन् । यस वर्षको शिवरात्रिमा पशुपतिनाथ क्षेत्रमा १ हजार ५०० साधुसन्त र करिब दुई सय नागाबाबा आएको अनुमान छ ।

केही नागाबाबाहरू तर नेपालभित्रै रहेको पनि बताइन्छ । तर नेपालमा नागाबाबा र साधुसन्तहरूको ठ्याक्कै संख्या उपलब्ध छैन । जानकारहरुका अनुसार नागाबाबाहरूको संख्या सीमित छ । उनीहरू प्राय: एकान्तमा बसेर शिव भक्ति, साधना र तपस्यामा लिप्त रहन्छन् ।

महाशिवरात्रि अवधिभर उनीहरुलाई सम्मानपूर्वक बस्ने स्थान, भोजन, पानी र धुनी जगाउने दाउराको व्यवस्था पशुपति क्षेत्र विकास कोषले उपलब्ध गराउँछ । महाशिवरात्रि सकिएपछि कोषले नै उनीहरुलाई श्रेणीअनुसार दान दक्षिणासहित ससम्मान बिदाइ पनि गर्दछ । यहाँ नागाबाबाको रहस्यमय जीवनबारे जानकारी दिने प्रयास गरेका छौं ।

**लुगा लगाउँदैनन् नागा साधुहरू**

'नागा' शब्दको अर्थ नै 'नग्न' भन्ने हुन्छ । नागाबाबाहरू सधैं नाङ्गै बस्छन् । उनीहरू सबैभन्दा फरक देखिने कारण भनेकै उनीहरू लुगा नलगाउने हो । कठ्याङ्ग्रिने चिसो मौसममा पनि उनीहरू नाङ्गै नै बस्छन् । उनीहरू शरीरमा धूनीको खरानी (भस्म) लगाएर घुम्ने गर्छन् । नेपालमा भने लोकलाजका लागि केही नागाबाबाहरुले रुद्राक्षको मालाले गुप्ताङ्ग छोप्ने गरेको पाइन्छ । कसैले धोती लगाएर हिँडेको पनि देखिन्छ ।

**नागाबाबा बन्ने प्रक्रिया**

नागाबाबा बन्ने प्रक्रिया निकै कठिन र लामो हुन्छ । हिन्दू धर्मका महान् दार्शनिक आदि गुरु शंकराचार्यले नागाबाबाहरुलाई व्यवस्थित बनाउन अखाडा परम्पराको सुरुवात गरेका थिए । अखाडाहरूले नै नागाबाबाहरूको चयन र दीक्षा दिने काम गर्छन् । प्रत्येक अखाडाको आफ्नै नियम, परम्परा र मान्यता अनुसार दीक्षा दिइन्छ । अखाडामा प्रवेश गरेपछि उनीहरूले गुरु सेवा गर्नुपर्ने हुन्छ र सबै साना-ठूला काम गर्न लगाइन्छ । केही अखाडाहरूमा नागाबाबाहरूलाई 'भुट्टो' भनेर पनि चिनिन्छ ।

**कठिन जीवनशैली**

नागाबाबाहरूको जीवनशैली अत्यन्तै कठिन हुन्छ । भनिन्छ, कुनै पनि व्यक्तिलाई नागाबाबा बन्न कम्तीमा १२ वर्ष लाग्छ । नागाबाबा बनेपछि उनीहरू गाउँ, सहर तथा समाजको चहलपहलयुक्त जीवन त्यागेर जंगल वा पहाडतिर गुमनाम भएर बस्छन् । उनीहरू त्यस्ता स्थानमा बस्छन्, जहाँ कमै मानिसहरू आउजाउ गर्छन् ।

नागाबाबा बन्ने प्रक्रियामा पहिलो ६ वर्ष विशेष महत्त्वपूर्ण मानिन्छ । यो अवधिमा उनीहरू नागाबाबा बन्न आवश्यक ज्ञान हासिल गर्छन् । सुरुका ६ वर्ष उनीहरूले केवल लंगौटी मात्र लगाउने गर्छन् । त्यसपछि १२ वर्षको अन्तरालमा हुने महाकुम्भ मेलामा संकल्प लिएर लंगौटीसमेत त्याग्छन् र जीवनभर लुगा नलगाउने प्रतिज्ञा गर्छन् ।

**ब्रह्मचर्य शिक्षा**

नागाबाबा बन्नका लागि सबैभन्दा पहिला ब्रह्मचर्यको शिक्षा लिनुपर्छ । त्यसपछि, योग्य ठहरिएपछि महापुरुषहरूबाट दीक्षा प्रदान गरिन्छ । दीक्षा पश्चात् यज्ञोपवीत संस्कार गरिन्छ । यस प्रक्रियालाई पूर्ण गरेपछि, उनीहरू आफ्नै मृत्यु संस्कार जस्तै 'पिण्डदान' गर्छन्, जसलाई 'बिजवान' भनिन्छ ।

उनीहरूले आफ्ना १६ जना परिवारजनको पिण्डदान गर्छन् । १७ औं पिण्डदान आफ्नै गर्छन् । यसको अर्थ उनीहरूले आफ्नो पहिलाको जीवन समाप्त भएको मान्छन् । पिण्डदान गरेपछि उनीहरू आफ्नो गोत्र, जात तथा पहिचानसम्बन्धी सबै त्याग्छन् ।

**बिस्तारामा नसुत्ने परम्परा**

नागाबाबाहरूका लागि सांसारिक सुख-सुविधाको कुनै महत्त्व हुँदैन । उनीहरू आफ्नो अखाडालाई नै परिवार मान्छन् । साधारणतया, उनीहरू कुटी बनाएर बस्छन्, तर तिनको कुनै स्थायी निवास हुँदैन । भनिन्छ नागाबाबाहरू ओछ्यानमा सुत्दैनन् ।

**युद्धकला र आत्मसंयम**

नागाबाबाहरूले दिनभरमा केवल सात घरबाट मात्र भिक्षा माग्न पाउँछन् । यदि ती सात घरबाट केही प्राप्त भएन भने उनीहरूले भोकै बस्नुपर्छ । नागबाबाहरू दिनमा एकचोटि मात्र भोजन गर्छन् । भनिन्छ, नागाबाबाहरु केवल साधना मात्र गर्दैनन्, उनीहरू युद्धकलामा पनि निपुण हुन्छन् ।

'उनीहरु सांसारिक मोह त्यागेर कठोर अनुशासनमा बस्न सक्छन्,' धर्मशास्त्रका जानकार डा. वासुदेवकृष्ण शास्त्री भन्छन्, 'विषम परिस्थितिमा पनि आत्मसंयममा रहन सक्ने र बासनालाई नियन्त्रणमा राख्न सक्ने क्षमता उनीहरुमा हुन्छ ।'

**रहस्यमयी शक्ति**

नागाबाबाहरूले कठोर तपस्या गरेर विभिन्न रहस्यमयी शक्तिहरू प्राप्त गरेको विश्वास गरिन्छ । यद्यपि, उनीहरू आफ्ना शक्तिहरूको दुरुपयोग गर्दैनन् । बरु, उनीहरू आफ्नो ज्ञान र शक्तिबाट मानिसहरूको समस्या समाधानमा मद्दत गर्न प्रयास गर्छन् । उनीहरु आफूलाई भगवानको दूत मानन्छन् ।

**नागा साधुहरूको अन्तिम संस्कार**

हिन्दू धर्मअनुसार, सामान्यत: मृत्यु पश्चात् शवलाई जलाउने परम्परा छ । तर, नागाबाबाहरूको शवलाई जलाइँदैन । उनीहरूको अन्तिम संस्कार 'भू-समाधि'द्वारा गरिन्छ । उनीहरूलाई सिद्धयोगको मुद्रामा राखेर जमिनमुनि समाधिस्थ गरिन्छ ।

**नागाबाबा बन्ने परम्पराको सुरूवात कहिले र किन भयो ?**

धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएअनुसार, आठौं शताब्दीमा सनातन धर्म र मठ-मन्दिरहरूलाई क्षति पुर्‍याउने प्रयास भइरहेको थियो । त्यसबेला आदि गुरु शंकराचार्यले चार मठहरूको स्थापना गर्दै सनातन धर्मको रक्षा गर्ने अभियान सुरु गरे ।

उनले सनातन परम्पराको रक्षा केवल शास्त्र (ज्ञान) बाट सम्भव छैन, यसका लागि शस्त्र (युद्धकला) को पनि आवश्यक छ भन्ने महसुस गरे । त्यसपछि उनले अखाडा परम्पराको स्थापना गरे, जसअन्तर्गत धर्मको रक्षा गर्न मरिमेट्नेहरूलाई युद्धकलाको समेत विशेष प्रशिक्षण दिइयो । र, नागाबाबा र अघोरीहरुलाई 'धर्म रक्षक' मान्न थालियो । त्यसैले नागाबाबा र साधुसन्तहरुलाई व्यवस्थित गर्ने श्रेय शंकराचार्यलाई जाने धर्मशास्त्रका जानकार डा. वासुदेवकृष्ण शास्त्री बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

# 'न्याय' शीर्षकमा 'आउट ल'को 'र्‍याप प्रतियोगिता'

काठमाडौं/फागुको अवसर पारेर यही फागुन २९ गतेबाट प्रदर्शनको तयारीमा रहेको एक्सन फिल्म 'आउट ल : दफा २१९'ले 'न्याय' शीर्षकमा 'र्‍याप प्रतियोगिता' आयोजना गरेको छ । यसमा सहभागी हुन इच्छुकले 'न्याय' शीर्षकमा र्‍याप गीत तयार पारेर पठाउनुपर्ने निर्माता अमित अग्रहरिले जानकारी दिए । उनका अनुसार प्रतिस्पर्धीले आफूले लेखेको गीतलाई रेकर्ड गराएर भिडियो पठाउन सक्नेछन् ।

प्रतियोगीले भिडियो आफ्नो सामाजिक सञ्जालमा पनि सेअर गर्नुपर्नेछ । धेरै लाइक्स र भ्यूज प्राप्त गर्न सफल प्रतिस्पर्धीले आकर्षक पुरस्कार प्राप्त गर्ने जनाइएको छ । फागुनको २३ गतेसम्म र्‍याप भिडियो पठाउनुपर्नेछ । 'न्याय'को कथामा फिल्म बनेकाले यसैमा प्रतियोगिता आयोजना गरिएको निर्माता अग्रहरिले बताए । यो प्रतियोगितामा रियालिटी शो 'नेपहपको श्रीपेच'ले सहकार्य गरेको छ । विक्की महर्जनको लेखन तथा निर्देशनमा तयार भएको फिल्मको यसै साता ट्रेलर सार्वजनिक गर्ने तयारीमा निर्माण टिम छ । यसमा सुशील श्रेष्ठ, नरेश पौडेल, शिक्षा संग्रौला, सुमन भण्डारी, हेम गुरुङ, सोनी लागुन, विशाल पहारी लगायतको अभिनय रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जनतासँग जनसंगठन अभियान शुभारम्भ




साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेकपा एमाले हेटौंडा उपमहानगर कमिटीले जनतासँग जनसंगठन अभियान सञ्चालन गरेको छ ।

मंगलबार एमालेका स्थायी कमिटी सदस्य एवम् जनसंगठन समन्वय संयन्त्रका प्रमुख भानुभक्त ढकालले अभियानको शुभारम्भ गरेका हुन् । कार्यक्रममा बोल्दै स्थायी कमिटी सदस्य ढकालले पार्टीको राजनीतिक लक्ष्यबाट जनसंगठनहरु टाढा रहन नमिल्ने बताए । पार्टी सूर्य र जनसंगठन चन्द्रमा भएको बताउँदै उनले पार्टी बलियो भएमात्र जनसंगठनहरु मजबुत हुने बताए । उनले समाजमा हुने समग्र परिवर्तनको नेतृत्व पार्टीले गर्ने भएकोले त्यस अभियान जनवर्गीय संगठनको भूमिका महत्वपूर्ण हुने जिकिर गरेका छन् ।

८४ को चुनावमा बहुमत ल्याउन राजनीतिक एजेण्डाको आधारमा गैरएमालेलाई जोड्नुपर्ने उनको भनाई छ । आम जनतासँग जोडिने एजेण्डा जनसंगठनले बोक्नुपर्ने उनले उल्लेख गरेका छन् । नेतृत्वले जनताको हितमा काम नगर्दा जनसंगठन सडक आन्दोलन गर्न समेत पछाडि हट्न नहुने उनको धारणा थियो । स्थायी कमिटी सदस्यले जनवर्गीय संगठनलाई मान्छे थन्काउने ठाउँको रुपमा प्रयोग गर्न नहुने बताए । उनले राजनीतिक परिवर्तनका उपलब्धिहरु बुझाउन नसक्दा नयाँ पुस्ता बुझाउँन नसक्दा २०७९ को चुनावमा मकवानपुरमा राजावादीले चुनाव जितेको टिप्पणी गरे ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले मकवानपुरमा एमालेलाई निर्णायक राजनीतिक शक्ति बनाउने आफूहरुको अभियान रहेको बताएका छन् । जनसंगठनको माध्यमबाट पार्टीले समृद्ध नेपाल, सुखी नेपालीको नारालाई सार्थक तुल्याउन सबैले आ-आफनो ठाउँबाट भूमिका खेल्नुपर्ने उनको भनाई छ । केन्द्रीय सदस्य रानाले पार्टीका कमिटीहरुले रचनात्मक काम गर्नुपर्ने बताए ।

एमालेका हेटौंडा उपमहानगर कमिटीका अध्यक्ष बोलबहादुर कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा एमाले बागमती प्रदेश कमिटीका उपाध्यक्ष दावादोर्जे लामा, प्रदेश कमिटीका सदस्यहरु रघुनाथ खुलाल, सुमित्रा काफ्ले, बद्री लम्साल, बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमनकुमार मास्के, जिल्ला अध्यक्ष श्रीधर पोखरेललगायतको आतिथ्यता रहेको थियो ।

# १५ औं संस्करणको राष्ट्रपति रनिङशिल्ड फागुन १८ बाट

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ १५ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता फागुन १८ गतेबाट हुने भएको छ ।

जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता यही फागुन १८ देखि २० गतेसम्म गरिने जिल्ला खेलकुद समिति मकवानपुरका अध्यक्ष राजकुमार मुक्तानले जानकारी दिएका छन् । प्रतियोगिता हेटौंडा-४, हुप्रचौरमा बिहान ८ बजेबाट सुरु हुनेछ । प्रतियोगितमा सहभागी हुनका लागि १८ वर्षभन्दा कम उमेर समूहका विद्यार्थी खेलाडी हुनुपर्ने अध्यक्ष मुक्तानले बताए ।

प्रतियोगितामा मकवानपुरको १० वटै पालिकाभित्रका खेलाडीको सहभागिता रहने छ । बागमती प्रदेश खेलकुद विकास परिषद्को पनि सहयोग रहने प्रतियोगितामा एथ्लेटिक्स, कबडी, भलिबल, ज्यावलिङ, शटपुट थ्रो, मार्सल आर्ट लगायतका खेल सञ्चालन हुनेछ । कराँते, उसु, तेक्वान्दो हेटौंडा-४, पारिजातपथ स्थित बहुउद्देश्यीय कर्भड हलमा, एथ्लेटिक्स हुप्रचौरमा र भलिबल हुप्रचौरको भलिबल कोर्टमा सञ्चालन हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई क्रमश: स्वर्ण, रजत र कास्यपदक सहित प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिताको विजेता, उपविजेता र तृतीय हुने टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । गत वर्ष सम्पन्न भएको १४ औं संस्करणको राष्ट्रपति र निङशिल्ड प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको थियो । हेटौंडाले २० स्वर्ण, ७ रजत र १९ कास्यपदक प्राप्त गर्दै उपाधि जितेको हो । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ६ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# नेत्रहीन महिला विश्वकप क्रिकेट २०२५ को प्रारम्भिक छनोट सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेपालमा हुने पाँचौं टी-२० नेत्रहीन महिला विश्वकप क्रिकेट २०२५ का लागि प्रारम्भिक छनोट राष्ट्रिय प्रतियोगिता सम्पन्न भएको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडास्थित हुप्रचौर क्रिकेटमैदानमा गत फागुन १० गतेबाट सुरु भएको छनोट प्रतियोगिताको मंगलबार समापन गरिएको हो । मकवानपुर जिल्ला क्रिकेट संघको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा ७ वटा प्रदेशबाट ३८ जना नेत्रहीन महिला क्रिकेट खेलाडीको सहभागिता रहेको थियो । सहभागी खेलाडीको दृष्टी अवस्थाका आधारमा बी-१, बी-२ र बी-३ समूह विभाजन गरेर प्रतियोगिता आयोजना गरिएको हो । पूर्णदृष्टीविहीनलाई बी-१ समूह, ५ मिटरसम्म दृष्टि भएकालाई बी-२ र दृष्टि क्षमता १० मिटरसम्म भएकालाई समूह-३ मा राखेर खेलाइने गरिएको नेत्रहीन क्रिकेट संघका अध्यक्ष पवन घिमिरेले जानकारी दिएका छन् ।

पहिलोचरण प्रतियोगिताबाट छानिएका २५ जना खेलाडीलाई दोस्रो चरणको छनोट प्रतियोगितामा सामेल गराइने विश्वकप क्रिकेट प्रतियोगितामा १५ सदस्यीय नेपाली टोलीले सहभागिता जनाउनेछन् । सहभागी हुने अन्तिम १५ जना खेलाडीको टुंगो आगामी वैशाखमा हुने दोस्रो चरणको छनोट प्रतियोगिताबाट लगाइने अध्यक्ष घिमिरेले जानकारी दिए । खेलाडीको मेहनत, खेल कौशलता लगायत हेरेर दोस्रो चरणमा जाने खेलाडीको नाम केहीदिनमा प्रकाशित गरिने संघले जनाएको छ ।

संघका अध्यक्ष घिमिरेले नेपालका क्रिकेटमैदान अपाङ्गमैत्री नभएको भन्दै दुःख व्यक्त गरेका छन् । नेत्रहीन खेलाडीका लागि क्रिकेट मैदानको व्यवस्था गर्न तालिम सञ्चालनलगायत विषयमा राज्य गम्भिर नबनेको उनले बताए ।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरेको प्रमुख आतिथ्यतामा भएको समापन कार्यक्रममा पहिलो र दोस्रो हुने समूहलाई शिल्ड मेडल प्रमाणपत्रका साथै तेस्रो हुने समूहलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रतियोगितामा प्लेयर आफ द म्याच र सिरिज अफ द म्याच विधामा नगद सहित सिस्मा तामाङले हात पारिन् । महिला क्रिकेट विश्वकप प्रतियोगिताको उद्घाटन खेल नोभेम्बर १३ देखि नेपालमा हुँदैछ । विश्वकपमा घरेलु टोली नेपाल सहित भारत, पाकिस्तान, इग्ल्यान्ड, अष्ट्रेलिया र अमेरिकाले सहभागिता जनाउनेछन् । नेपालमा नेत्रहीन क्रिकेटको सुरुवात २०६३ सालदेखि भएको हो । विश्वमा नेत्रहीन महिला क्रिकेट प्रतियोगिता नेपालबाटै सुरु भएको थियो ।

# फागुन १५ मा तुलसीमेहरको वार्षिकोत्सव



साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौंडा उपमहानगरपालिका-१० स्थित तुलसीमेहर मोमोरियल माध्यमिक विद्यालयले आफ्नो ४३ औं वार्षिकोत्सव तथा अभिभावक दिवस भव्यरुपमा मनाउने तयारी गरेको छ ।

मंगलबार विद्यालय परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्दै अभिभावक दिवस सभ्य र भव्यरुपमा मनाउने तयारी भैरहेको विद्यालयका प्रिन्सीपल र घुनाथ खरालले जानकारी दिएका छन् । फागुन १५ गते आयोजना हुने कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख सम्मेलनमा अभिभावक दिवस आतिथ्यता रहने उनले बताए ।

कार्यक्रममा विज्ञान प्रदर्शनी, सामाजिक विषयको प्रदर्शनी, विद्यार्थीका प्रतिभा देखाउनुका साथै नेपाली मौलिक कला, संस्कृति झल्कने नृत्य प्रस्तुतिका रुपमा रहने प्रिन्सीपल खरालले बताए । विविध खेलकुद प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण, अभिभावक, शिक्षक कर्मचारी सम्मान गरिने बताइएको छ । कक्षा ११ र १२ मा होटल म्यानेजमेन्ट विषय अध्ययनरत विद्यार्थीको खाजाको स्टल समेत रहने बताइएको छ ।

# शान्तिटोलको सप्ताह ज्ञानमहायज्ञमा २० लाख बढी संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ शान्तिटोल टोल विकास संस्था हेटौंडा-६ शान्तिटोलद्वारा आयोजित श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञमा मंगलवारसम्म २० लाख बढी रकम संकलन भएको छ ।

सप्ताहमा हेटौंडा-६ शान्तिटोल निवासी टंकप्रसाद सापकोटा तथा सापकोटा परिवार बाट १ लाख ११ हजार १११, हेटौंडा-६ मा रहेको सुनगाभा शिक्षानिकतनबाट २६ हजार ५, हेटौंडा-६ मा रहेको दिब्यज्योति टोलविकास संस्थाबाट १९ हजार ६५५, हेटौंडा-६ मा रहेको प्रभातकालीन टोलविकास संस्थाबाट १९ हजार ८०५, हेटौंडा-६ मा रहेको हात्तीलेट टोलविकास संस्थाबाट १७ हजार ८३५, हेटौंडा-६ चौघडा निवासी निला ढुङानाबाट ११ हजार ५५५, हेटौंडा-६ शान्तिटोल निवासी अच्युतप्रसाद ढुंगानाबाट ११ हजार ११५, कृष्णकुमारी श्रेष्ठबाट ११ हजार १११, हेटौंडा-१७ चुच्चेखोला निवासी उत्तमकुमार श्रेष्ठबाट ११ हजार १११,, हेटौंडा-६ मा रहेको मुनलाईट ईन्टरनेशनल स्कूलबाट ११ हजार १०५, उद्धव दाहालबाट १० हजार २०० मकवानपुरगढी-२ नम्बर वडा कार्यालयबाट ९ हजार ५ रुपैयाँ संकलन भएको महायज्ञका आर्थिक उपसमिति संयोजक उद्बवप्रसाद गौतमले बताए ।

हेटौंडा-६ मा रहेको विपी गणेशमान स्मृति शान्तिपार्कमा राधाकृष्ण मन्दिर र ज्येष्ठनागरिक मिलन केन्द्र बनाउने पवित्र उद्देश्यका साथ लगाइएको सप्ताह ज्ञानमहायज्ञ १५ गतेसम्म सञ्चालन हुने र सोहिदिन सामूहिक ब्रतबन्ध समेत गरिने कार्यक्रम रहेको छ । युवापण्डित बद्रीविशाल शास्त्री ढुंगाना र निर्जल पौडेल उपवाचकबाट सुमधुर संगीतका साथ दैनिक प्रवचन भैरहेको छ । समस्त धर्मप्रेमी महानुभालाई प्रवचन श्रवणको लागि उपस्थित भईदिन आयोजक समितिले अनुरोध गरेको छ ।

# हेटौंडा क्याम्पसले मनायो ३५ औँ स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौंडा उपमहानगरपालिका-४ मा रहेको हेटौंडा क्याम्पसले साताव्यापी रुपमा अतिरिक्त क्रियाकलापलगायत कार्यक्रम आयोजना गरी स्थापना दिवस मनाएको छ ।

क्याम्पसले ३५ औँ स्थापना दिवसका अवसरमा भएको अतिरिक्त क्रियाकलापका विजयीलाई मंगलबार एक कार्यक्रम आयोजना गरी पुरस्कार वितरण तथा सम्मान गरेको हो । स्थापना दिवसको समापन कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले देशको समग्र विकासका लागि शिक्षा क्षेत्रको विकास अनिवार्य भएको बताए ।



उनले प्रदेश सरकारले सामुदायिक शैक्षिक संस्थाको विकासलाई प्राथमिकतामा राखेको बताउँदै आगामी दिनमा सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर वृद्धिमा थप सहयोगको प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा हेटौंडा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष आनन्दराम पराजुलीले मकवानपुरको शैक्षिक विकासमा हेटौंडा क्याम्पसको महत्वपूर्ण योगदान रहेको चर्चा गर्दै प्रदेश सरकारले सामुदायिक क्याम्पसमा गरिने लगानीमा वृद्धि आवश्यक भएको बताए ।

कार्यक्रममा क्याम्पस प्रमुख बालकृष्ण शर्मा, हेटौंडा उपमहानगरपालिका-१६ का वडाध्यक्ष रामकृष्ण कोइराला, क्याम्पस व्यवस्थापन समितिका कोषाध्यक्ष नमूना पाण्डे, स्वतन्त्र विद्यार्थी युनियनका सभापति अभि मैनालीलगायतले बोलेका थिए । शिक्षक सेवा आयोगबाट लिइएको परीक्षामा प्राथमिक तहतर्फ १ नं. नाम सिफारिशमा पर्न सफल क्याम्पसका छात्रा एलिषा घिमिरेलाई सम्मान गरिएको थियो ।

क्याम्पसका अतिरिक्त क्रियाकलाप विभागप्रमुख मनोज पोखेरेलले साताव्यापी रुपमा भएको भलिवल, फुटबल, दौड, चित्रकला, हाजिरीजवाफ, ब्याडमिण्टन लगायत प्रतियोगिताका विजयी तथा उपविजयी खेलाडीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको जानकारी दिए ।

# थाहामा मेयर वडास्तरीय तरकारी पकेट कृषिसामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ थाहा नगरपालिका-७ मा रहेको दुई कृषि समूहलाई कृषिसामग्री वितरण गरिएको छ । आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत भएको मेयर वडास्तरीय तरकारी पकेट प्याकेज कार्यक्रमअन्तर्गत थाहा नगर पालिका-७ राम्चेमा रहेको पारिजात कृषक समुह र डाँडाबासमा रहेको सुन्दरीदेवी कृषि समूहलाई कृषिसामग्री वितरण गरिएको हो ।

मिनिटिलर ७ एचपि, मिनिटिलर डिजल, स्प्रेपम्प, मल्चिङ पाल्स्टिक, डिजिटल काँटा सिम्पोलिन, २ हजार, १ हजार र ५ सय लिटरको हिलटेक, गार्डेन पाइप, हजारी लगायत कृषिसामग्री ५० प्रतिशत अनुदानमा प्रदान गरिएको कृषि शाखाप्रमुख सन्जय तिवारीले जानकारी दिए ।

कार्यक्रममा थाहा नगर पालिकाका आर्थिक विकास समिति संयोजक हिरेन्द्र रायमाझीले नगरलाई तरकारीको पकेटक्षेत्रका रुपमा विकास गर्न पाउनु नगरको लागि ठूलो अवसर भएको बताए । यस कार्यक्रमको लागि पालिकाले १२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

# मौद्रिक नीति समीक्षामा के-के गरियो परिवर्तन ? यस्ता छन् ६ विशेषता

काठमाडौं, १३ फागुन/ नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिको दोस्रो समीक्षामा यसअघिका अधिकांश नीतिहरूलाई निरन्तरता दिएको छ । पछिल्ला केही महिना अर्थतन्त्रमा मूल्यवृद्धिको चाप देखिए पनि मौद्रिक नीतिका औजारहरूलाई केन्द्रीय बैंकले नचलाएको हो ।

'मूल्यवृद्धिको पछिल्लो प्रवृत्तिले नीतिगत दर बढाउनुपर्ने आवश्यकता औंल्याएको भए तापनि आर्थिक क्रियाकलाप विस्तारलाई समेत उच्च प्राथमिकतामा राख्नुपर्ने भएकाले मौद्रिक जारी गर्दा लिइएको सजगतापूर्वक लचिलो कार्यदिशालाई यथावत राखिएको छ,' समीक्षामा उल्लेख गरिएको छ । सोहीअनुसार, मौद्रिक नीतिको विद्यमान नीतिगत दरलाई ५ प्रतिशत, ब्याजदर करिडोर अन्तर्गतको तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दरलाई ३ प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत राखिएको छ ।

तर, बैंकहरूलाई फाइदा पुग्ने गरी असल कर्जाको प्रोभिजन दर १ प्रतिशतमा झारिएको छ । यसअघि यस्तो दर १.१ प्रतिशत थियो । भाखा नाघेको ३ महिनासम्मको कर्जालाई असल कर्जाको रूपमा व्याख्या गर्ने गरिएको छ ।

यस्तो कर्जाको प्रोभिजन दर घटेपछि बैंकहरूको प्रोभिजन रकम घट्न जाने छ । यसले बैंकहरूको सञ्चालन मुनाफा ५ अर्ब रुपैयाँले वृद्धि हुने नबिल बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवाली बताउँछन् ।

त्यस्तै, विद्युतीय गाडीको ऋण मूल्य अनुपात ८० बाट ६० मा झारिएको छ । विद्युतीय सवारी साधन किन्दा यसअघि कुल मूल्यको ८० प्रतिशतसम्म ऋण रकम पाइने व्यवस्था रहेकोमा अब ६० प्रतिशत मात्रै पाइने व्यवस्था गरिने भएको हो । त्यस्तै, पेट्रोलियम सवारीसाधनको ऋण मूल्य अनुपात पनि ६० प्रतिशत कायम गरिएको छ । यसअघि यस्तो अनुपात ५० प्रतिशत मात्रै थियो । अब पेट्रोलियम र विद्युतीय सवारी साधन खरिद गर्दा बैंकले कुल मूल्यको ६० प्रतिशतसम्म ऋण दिनेछन् भने ४० प्रतिशत रकम ग्राहकले पहिले नै भुक्तानी गर्नुपर्नेछ ।

राष्ट्र बैंकले ल्याएको नीति ईभीलाई प्रोत्साहन गर्ने नेपाल सरकारको लक्ष्य विपरीत रहेको नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका उपाध्यक्ष राजनबाबु श्रेष्ठ बताउँछन् । ईभी खरिदमा ऋणको हिस्सा एकैपटक २० प्रतिशत घटाउँदा यसको प्रयोग बढ्नुका सट्टा झन् घट्ने उनको भनाइ छ । पेट्रोल तथा डिजेलबाट चल्ने सवारीसाधनको ऋण मूल्य अनुपात १० प्रतिशत बढाउनु सकारात्मक रहेको उनको भनाइ छ । लघुवित्तको कर्जाको ब्याजदर जेठदेखि आधार दरसँग आवद्ध गरी तय गर्नुपर्ने भएको छ । यसअघि बैंक तथा वित्तीय संस्थाका हकमा मात्रै यो व्यवस्था थियो । त्यस्तै, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात यथावत राखिएको छ ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२



हेटौंडा उपमहानगरपलिका
## २ नं. वडा कार्यालय
हेटौंडा-२, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

☞ जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
☞ मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
☞ नियमित सवारी साधनको जाँच गरौं,
☞ मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
☞ सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
☞ ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
☞ बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना